फोन नं.०९१५८०१०१

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

# ठेक्का आवहानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७।०६।१४)

यस भजनी नगरपालिका अन्तर्गत नेपाल भारतको सिमानामा रहेको नेपाल तर्फ पर्ने मोहना नदीमा माछा मार्ने ठेक्का बन्दोबस्त गर्न यस भजनी नगर कार्यपालिकाको मिति २०७७।०२।२७ गतेको निर्णय अनुसार आ.व.२०७७।०७८ का लागि देहाय बमोजिमका शर्तहरुको अधिनमा रही माछा मार्ने ठेक्का पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम कबोल अंक रु. | दरभाउपत्र फाराम दस्तुर | ठेक्का अवधि | कै |
|---|---|---|---|---|---|---|---|
| १ | ०१।२०७७-०७८ | नेपाल भारतको सिमाना पर्ने मोहना नदी नेपाल तर्फ मात्र | भजनी न.पा.क्षेत्र भित्रका वडा नं.७ को हिम्मतपुर देखि वडा नं.३ र ५को कनरा,पथरैया नदी संगम क्षेत्रमा रहेको मोहना नदीमा । | १,२५,०००।- | १,०००।- | ०७७ कात्तिक देखि ०७८ ज्येष्ठ मसान्त सम्म | |

***शर्तहरु :-***

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले **१५** औं दिन कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद तिरी(फिर्ता नहुने गरी) खरिद गरी **१६** औं दिन दिनको १२:०० बजे सम्म भजनी नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिनेछ । उक्त ठेक्का फारम सोही दिन दिनको २:०० बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र ठेक्का दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । ठेक्का दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन ।

२. ठेक्का फाराम खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

३. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी , अनिवार्य रुपमा संलग्न राख्नु पर्नेछ ।

४. ठेक्का फारमको खाम बाहिर यस भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको नाम लेखि ठेकेदारको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

५ ठेकेदारले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. मोहना नदीमा माछा मार्ने ठेक्का प्रक्रियामा भाग लिन चाहने ठेक्कावालाले नगरपालिकाले निर्धारण गरेको रकमको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भएमा १० प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको **धरौटी खाता नं.४१५०१००३०३००००२** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ ।

७. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

८. मोहना नदीमा माछा मार्ने ठेक्काको अवधि २०७७ साल कात्तिक देखी २०७८ साल ज्येष्ठ मसान्त सम्म हुनेछ ।

९. नगर कार्यपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर, पुरानो बक्यौता रकम बुझाएको हुनुपर्नेछ ।

१०.म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको ठेक्का उपर कुनै कारवाही गरिने छैन ।

११.पेश भएको ठेक्का स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२.यसमा उल्लेख नभएको विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१४.ठेक्काका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. **०९१-५८०२०१** कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

हरिराम चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत